मितिः २०८२।०४।०७ गते
समयः बिहान ८:०० बजे

बैठक सङ्ख्या : ०१

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बरबहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमवहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रवहादुर लिम्वू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री चेतनाथ गौतम | नि प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिती:

१. भानुभक्त राई इन्जीनियर

२. रवि जुकेदी सहायककर्ता पाँचौं

३. तारा भट्टराई का. स. Bhattarai

बैठक संख्या -१

# मिति २०८२ साल श्रावण ७ गते बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | आ.व. २०८१/८२ मा भएका निर्णहरुको समिक्षा गरियो । सबै निर्णयहरु कार्यान्वायन भएको पाईयो । |
| २ | आय ठेक्का व्यवस्थापन सम्वन्धमा । | लेटाङ नगरपालिकाको आय सम्वन्धी ठेक्का व्यवस्थापनका लागि प्रकाशित सूचना बमोजिम कुनै पनि प्रस्ताव पेश नभएको हुदा पुन ठेक्का सूचना प्रकाशन गर्न र ठेक्का व्यवस्थापन नहुन्जेलसम्मका लागि नगरपालिकाले अमानत विधि (कर्मचारी/ब्यवसायी मार्फत) आय संकलन गर्ने व्यवस्था मिलाउने तथा आय संकलनमा खटिने कर्मचारी/ब्यवसायीलाई आयको १०.. प्रतिशत प्रोत्साहन खर्च उपलब्ध गराउने । |
| ३ | लेटाङ नगरपालिकाको २/ङ को दोहोरो नक्सा व्यवस्थापनका लागि अनुरोध गर्ने सम्वन्धमा । | लेटाङ नगरपालिकाको २।ङ को जग्गाहरुमा कित्ता नं. हरु दोहोरो परेका कारण भएको समस्याका सम्वन्धमा प्राप्त गुनासो बमोजिम भूमि सम्वन्धि समस्या समाधान आयोग, जिल्ला समिति मोरङलाई २।ङ अन्तरगतको दोहोरो कित्ता नं. परेको विषयको दिर्घकालिन समाधानका लागि अनुरोध गर्ने । |
| ४ | सम्झौता अनुमोदन सम्वन्धमा । | वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र लेटाङ नगरपालिकावीच हरित ग्यास उत्सर्जन न्युनिकरणका लागि खाना पकाउने आधुनिक दक्ष तथा जलवायुमैत्री स्वच्छ उर्जाको प्रवर्धन अन्तरगत स्वच्छ चुलो कार्यक्रम सम्बन्धी मिति २०८२/०४/०५ गते भएको सम्झौता अनुमोदन गर्ने । |
| ५ | कार्य सम्पादन सम्झौता अनुमोदन गर्ने । | लेटाङ नगरपालिका अन्तरगत नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा/उपशाखा प्रमखुबीच मिति २०८२/०४/०२ गते भएको र मिति २०८२/०४/०७ गतेका दिन योजना शाखा प्रमुख तथा वडा सचिवबीच भएको आ.व. २०८२/८३ को लागि भएको कार्य सम्पादन सम्झौता अनुमोदन गर्ने । |
| ६ | वार्षिक खरिद योजना तथा कार्ययोजना/कार्य तालिका निर्माण सम्वन्धमा । | लेटाङ नगरपालिका अन्तरगत आ.व. २०८२/८३ को बजेट कार्यक्रम तथा अख्तियारी प्राप्त भएका शाखा/उपशाखा/वडाहरुले आ.व. २०८२/८३ को बार्षिक खरिद योजना/वार्षिक कार्ययोजना/वार्षिक कार्यतालिका निर्माण गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने । |

प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्र कुमार लाम्ती
नगर प्रमुख